# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## वेसीशहर नगरपालिका
## लमजुङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ५३

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
वेसीशहर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
लमजुङ ।

**कैफियत सहितको राय**

हामीले वेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. वेसीशहर नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड १२ लाख ८९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.४२ लाख २४ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३७ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४५ लाख ९९ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ८६ लाख ६९ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.७ करोड ९१ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.४ करोड १२ लाख ८८ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

वेसीशहर नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४३ | २९ | ३१२८९ | १ | १२ | ४२२४ | ४२ | १७ | २७०६५ | ३७९७ | १८६६९ | ४५९९ | ० | ० | २३२६८ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | ७९१९१ | ० | ६४९६८ | १४२२३ | ० | २७०६५ | ४१२८८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बेसीशहर नगरपालिका, लमजुङ , बेसीशहर नगरपालिका , लमजुङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | ईमनाथ कडेल | २०७८-८-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | जनार्दन अधिकारी | २०७८-२-१० | |
| कार्यालय प्रमुख | लिलावल्लभ न्याउपाने | २०७७-११-१२ | |
| कार्यालय प्रमुख | पुष्पराज पौडेल | २०७७-५-८ | |
| कार्यालय प्रमुख | किसानराज चिलुवाल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २७,०६४,४१२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,४६,९१,००० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३९,५२,६६,००० | चालु खर्च | ३६,०९,८६,००० |
| प्रदेश सरकारबाट अनुदान | १,९०,६२,००० | पूँजीगत खर्च | १९,०६,४५,००० |
| राजश्व बाँडफाँट | ० | वित्तीय/अन्य व्यवस्था | १,५२,१६,००० |
| आन्तरिक आय | १४,९६,९५,००० | | |
| अन्य आय | २,९६,२५,००० | | |
| कुल आय | ५९,३६,४८,००० | कुल खर्च | ५६,६८,४७,००० |
| बाँकी मौज्दात | | ९,१४,९१,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ।नगरपालिकामा ११ वडा, १२७.६४ वर्ग कि.मि क्षेत्रफल तथा पछिल्लो जनगणना अनुसार ३९३५६<br>जनसंख्या रहको छ। | |
| २ | | | **स्थानीय सञ्चित कोष**<br>**स्थानीय सञ्चित कोषः** आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ। | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति / भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | 629957 | 593648 | 0 | 593648 |
| **क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | 605271 | 566559 | 0 | 566559 |
| 11000 कर | 11 | 119404 | 129307 | 0 | 129307 |
| 13000 अनुदान | | 469582 | 414328 | 0 | 414328 |
| संघीय सरकार | 12 | 447193 | 395266 | 0 | 395266 |
| प्रदेश सरकार | 12 | 22389 | 19062 | 0 | 19062 |
| 14000 अन्य राजस्व | | 16185 | 20388 | 0 | 20388 |
| ख.अन्य प्राप्ति | | 24686 | 27089 | 0 | 27089 |
| कोषहरु | | 24686 | 21280 | 0 | 21280 |
| धरौटी | | 0 | 5809 | 0 | 5809 |
| भुक्तानी (ग+घ) | | 704957 | 566847 | 0 | 566847 |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | 680271 | 551631 | 0 | 551631 |
| 21000 पारिश्रमिक/ सुविधा | 18 | 260419 | 230266 | 0 | 230266 |
| 22000 मालसामान तथा सेवाको उपयोग | 18 | 103967 | 67103 | 0 | 67103 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>25000 सहायता (Subsidy)</td><td>18</td><td>67060</td><td>53942</td><td>0</td><td>53942</td></tr>
<tr><td>27000सामाजिक सुरक्षा</td><td>18</td><td>11886</td><td>7871</td><td>0</td><td>7871</td></tr>
<tr><td>28000 अन्य खर्च</td><td>18</td><td>4900</td><td>1804</td><td>0</td><td>1804</td></tr>
<tr><td>31000 गैर वित्तिय सम्पत्ती/ पूँजीगत खर्च</td><td>18</td><td>232039</td><td>190645</td><td>0</td><td>190645</td></tr>
<tr><td>घ.अन्य भुक्तानी</td><td></td><td>24686</td><td>15217</td><td>0</td><td>15217</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>24686</td><td>13410</td><td>0</td><td>13410</td></tr>
<tr><td>धरौटी</td><td></td><td>0</td><td>1806</td><td>0</td><td>1806</td></tr>
<tr><td>ङ.यो वर्षको बचत(न्युन)</td><td></td><td>(75000)</td><td>26800</td><td>0</td><td>26800</td></tr>
<tr><td>च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या)</td><td></td><td>0</td><td>64691</td><td>0</td><td>64691</td></tr>
<tr><td>वर्षान्तको बांकी रकम(ङ+च)</td><td></td><td>(75000)</td><td>91491</td><td>0</td><td>91491</td></tr>
<tr><td>बैंक तथा नगद बांकी</td><td>24</td><td></td><td>91491</td><td>0</td><td>91491</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असूली<br>आ.व २०७६।७७ को संपरीक्षणबाट कायम वेरुजू रकमबाट रु. ५०८७२५।०० असूल भई संचित कोष दाखिला भई बैंक भौचर पेश भएको छ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>·स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>· स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोष फिर्ता व्यवस्था भए बमोजिम नगरपालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८।०४।१४ खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।<br>·स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तथ्याङ्कमा एकरुपता देखिदैन।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **गत आ.व. को जिम्मेवारी**<br>पालिकाबाट पेश भएको प्रमाणित एकिकृत आर्थिक विवरणमाधरौटी तथा विभिन्न कोष समेतको जिम्मेवारी अ.ल्या.रु.७१४४४३३०।२६सारिएकोमा सुत्रको वित्तिय प्रतिवेदनामा रु.६४६९०९५२।९० जिम्मेवारी सारिएको पाइयो। सुत्रमा रु.६७५३३७७।३६ले कम जिम्मेवारी सारेको देखिन्छ।गत आ व को सुत्रमा जिम्मेवारी सार्नुपर्ने रु.६९९५७४३८।२६ भएकोमा यस आ.व मा सुत्रमा रु.६४६९०९५२।९० मात्रै जिम्मेवारी अ.ल्या भएकोले फरक परेको रु.५२६६४८५।३६ को सम्वन्धमा पालिका सुत्रको वित्तिय प्रतिवेदनमा भएको बैंक तथा नगद मौज्दात भन्दा बैंकमा वास्तविक मौज्दात बढी भएकोले सो हुन गएको पालिकाको भनाई रहेको छ। | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>· स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।<br>· पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिए।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>· दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ–टीडिएस गरेको पाइएन।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>· पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फर प्रशासनिकतर्फ समेत ९६ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा ६४ पदपूर्ती भई ३२ पदमा रिक्त दरवन्दी रहेको देखिन्छ।उक्त रिक्त पद पूर्ति गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो। | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | · सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।<br>· निजामती सेवा ऐन, 2049 को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म आफ्नो अधिकार क्षेत्रभित्रका २९ वटा निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गरेको भएता पनि पालिकाबाट सम्पादन हुने कार्यसंग सम्वन्धित कार्यविधि तथा मूख्य ऐन नै नवनाई कार्यविधि वनाएको पाइयो।<br>· फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन। | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।<br>· सामाजिक सुरक्षा कार्यक्रकम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ अनुसुची ८ को बुंदा नं १० मा बैंकले निष्क्रिय खाताको विवरण स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ।.लेखापरीक्षणको क्रममा विवरण माग गरेकोमा समेत निस्क्रिय खाताकोप्रमाणित विवरण प्राप्त नभएकोले निस्क्रिय खाता भए नभएको यकिन हुन सकेन।<br>· पालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचरतथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङ्कन समेत देखिने गरी अभिलेख अद्याबधिक गर्नुपर्नेमा सो गरेको पाइएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा रु.६३ करोड ७४ लाख ५७ हजारकोबजेट २०७७।०३।१० गते सभा समक्ष पेश गरेकोमा २०७७।०३।१९ मा पारित भएको छ।बजेट पारित पश्चात नगरपालिका प्रमुखले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था अनुसार तोकिएको समयमा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको छ। | |
| ८ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष घरबाटो सिफारिसमा४८९, जन्मदर्ता २९७४, मृत्युदर्ता ९५४, नाता प्रमाणित ४२६,नागरीकता सिफारिस ६१५, वसाइसराई २९१ र अन्य ७५०७वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले विवाह दर्ता, सम्वन्ध विच्छेद जस्ता विषयहरुको सेवा प्रवाह कति संख्यामा भएको एकिन नगरेको तथाअन्यमा ७५०७ को विवरण पेश गरेकोमा यसभित्र कुन कुन नखुलाएकोले यथार्थ मान्न सकिएन।तसर्थ पालिकालेस्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १४ र यो बर्ष थप भएको ६० गरी कुल ७४ विवाद दर्ता भएकोमा ५९ वटा मात्र फछ्र्यौट भई १५ बाँकी देखिन्छ।फछ्यौट हुन बाँकीको हकमा सम्वन्धित पक्षहरु सम्पर्कमा नआएको कारण सो हुन गएको भनी कार्यालयको भनाई रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| १० | | | **चौमासिको खर्चको स्थिति**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकगत पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ।तेस्रो चौमासिकमा मात्र कूल वार्षिक खर्चको करिव ६१ प्रतिशत खर्च भएको छ।यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना संचालन गर्दा संचालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपना समेत प्रभाव पर्ने हुन सक्छ।त्यसैले पालिकाले निर्धारित समयभित्र कार्य सम्पादन गर्नुपर्दछ ।<br><br>(रु. हजारमा) | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1. | सम्पूर्ण पूँजिगत तथा कार्यक्रमगत खर्च समेत | 551630 | 118447 | 96500 | 336582 | विवरण पाप्त नभएको |
| | खर्चप्रतिशत | 100 | 21.62 | 17.49 | 60.89 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट खर्चको स्थितिको देहाय बमोजिम रहेको छ। (रु हजारमा<br><table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल मध्ये खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>50891</td><td>43641</td><td>7.91</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>314069</td><td>271079</td><td>49.14</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>173745</td><td>141076</td><td>25.57</td></tr>
<tr><td>वित्तिय व्यवस्थापन तगा सुशासन</td><td>14105</td><td>10092</td><td>1.83</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>127460</td><td>85741</td><td>15.55</td></tr>
<tr><td>जम्मा</td><td>680270</td><td>551629</td><td>100</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>खर्च बिश्लेषण<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.२ करोड ४८ लाख ९८ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.७५ करोड ७४ लाख ७१ हजार समेत रु.७८ करोड २३ लाख ६९ हजारआम्दानी भएकोमा चालुतर्फ रु.४७ करोड ५९लाख ९६ हजार र पूँजिगततर्फ रु.२१ करोड ४८ लाख ८२ हजार समेत रु.६९ करोड ८लाख ७८ हजार खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.६ प्रतिशत रहेको छ।यसबर्ष पदाधिकारी सुबिधामा रु.२ करोड ३४ लाख २१ खर्च भएको छ जुन आन्तरिक आयको करिव ९४ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.८९प्रतिशत चालु र ३१.१०प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा करिव ३१ प्रतिशत मात्र खर्च भएकोले प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष संचालित योजनाहरु देहायअनुसार छन्:<br>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th><th>रकम(रु हजारमा)</th></tr>
<tr><td>१</td><td>१ लाखभन्दा कमको योजना</td><td>205</td><td>11606</td></tr>
<tr><td>२</td><td>१ लाखएक देखि ५ लाख सम्मका योजना</td><td>267</td><td>81785</td></tr>
<tr><td>३</td><td>५ लाखदेखि १० लाख सम्मका योजना</td><td>50</td><td>40495</td></tr>
<tr><td>४</td><td>१० लाख एकदेखि ५० लाख सम्मा योजना</td><td>30</td><td>74815</td></tr>
<tr><td>५</td><td>५० लाखभन्दा माथिका योजनाहरु</td><td>1</td><td>10000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>553</td><td>218701</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा प्रयोगमा नआएको<br>नगरपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख ।पालिकाको आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थता चित्रण समेत नहुने अवस्था रहन्छ। अतः आन्तरीक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| १६ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन।यो वर्ष आन्तरिक आय वापत रु=२ करोड ४८ लाख ९८ हजार आम्दानी देखिएको छ।पालिकाले आवश्यक म+=ले=प=फा=न=हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, बालुवाको विक्रीवापत प्राप्त रकम पालिकाको संचित कोषमा जम्मा गर्ने तथा गडण्की प्रदेश सरकार ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन क्रसिङ र विक्रीवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्वन्धित स्थानीय तहले दोस्रो पक्षसंग ढुंगा, गिट्टी, बालुवा उत्खनन ठेक्का संझौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजश्व संकलन गर्नपर्ने व्यवस्था गरेको छ।नगरपालिकाले निम्न निर्माण व्यवसायीसंग आ.व ०७७।७८ को अन्त्यसम्ममा सवै किस्ताको रकम बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी तथा बालुवा उत्खननको ठेक्का संझौता गरी राजश्व रकम संकलन गरेकोमा निम्न निर्माण व्यवसायीहरुलाई संझौता रकम एकमुष्ठ वुझाए वापत संझौता रकममा १० प्रतिशत रकम छुट दिएको पाइयो।पालकाले प्रदेश सरकारबाट तोकेको दरका आधारमा न्यूनतम रकम निर्धारण गर्ने हुदाँ न्यूनतम भन्दा माथिको रकममा मात्र छुट दिनुपर्नेमा सवै कवोल अंकमा छुट दिएकोले निम्न निर्माण व्यवसायीहरुलाई बढी छुट दिएको रकम सम्वन्धितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.. | १८०,००० |

| घाटको नाम | निर्माण व्यवसायी एंव व्यक्ति | ठेक्का न | न्यूनतम मूल्यांकन रकम | संझौता रकम | हुनुपर्ने छुट | भएको छुट | बढी छुट |
|---|---|---|---|---|---|---|---|
| गैरीवगर घाट | बुढाथोकी कन्सट्रक्सन | 2 | 100000 | 101000 | 100 | 10100 | 10000 |
| रानीकुवा टापुमुनी घाट | तिरुपति कन्सट्रक्सन | 6 | 500000 | 900000 | 40000 | 90000 | 50000 |
| पूवाखोला दोभान घाट | सन्तोष निर्माण सेवा | 8 | 200000 | 250000 | 5000 | 25000 | 20000 |
| सातविसे डिलमुनी घाट | सन्तोष निर्माण सेवा | 10 | 200000 | 352000 | 5200 | 35200 | 30000 |
| त्रिवेणीघाट | ठाकुर सिंह कन्सट्रक्सन | 17 | 700000 | 700000 | 0.00 | 70000 | 70000 |
| | जम्मा | | | | | | 180000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | पालिकाले यस वर्ष राजश्व बाँडफाड समेत रु=१३ करोड ५५ लाख ८९ हजार आन्तरिक आय प्राप्त हुने अनुमान गरेकोमा सुत्रको वित्तीय प्रतिवेदनको अनुसुची ११ अनुसार जम्मा रु=१४ करोड ९६ लाख ९५ हजार आम्दानी प्राप्त गरेको देखिन्छ।अनुमान गरेका विज्ञपान कर शिर्षकमा शून्य राजश्व संकलन भएको पाइयो।पालिकाले आगामी वर्षमा आय वृद्धि गर्ने क्षेत्रको पहिचान गरी आन्तरिक आयलाई वढवा गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १६.३ | | | पालिकाले हरेक आर्थिक वर्षमा आर्थिक ऐनद्धारा पालिकाभित्र सञ्चालनमा रहेक विभिन्न व्यवसायको दर्ता, नविकरण तथा खारेजीका करका दरहरु निर्धारण गर्दै आएकोमा पालिकामा आ=व= २०७७।७८ सम्म पालिकाको क्षेत्रभित्र संचालनमा रहेका १७५३ मध्ये १२९१ सूचीकृत भएका बाँकी दर्ता हुन नआएका विभिन्न प्रकारका गरी जम्मा ४६२ व्यवसायहरु रहेको पालिकाको राजश्व शाखाबाट प्राप्त प्रमाणित विवरणमा संलग्न छ।जसबाट पालिकाको आन्तरिक आय गुमेको देखिन्छ।पालिकाले विवरणमा उल्लिखित ४६२ वटै व्यवसायहरुलाई दर्ता गरी कानूनको दायरामा ल्याई राजश्व वृद्धि गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>संझौताको पूर्ण पालना गर्नु करारीय पक्षको दायित्व हो।पालिका र आकृति एडभरटाईजिङ प्रा लि विराटनगरसंग पालिकाको क्षेत्रभित्र पर्ने होडिङ बोर्ड, फ्लेक्स वोर्ड, भित्ते लेखन, डिजिटल बोर्ड लगायतका शिर्षकहरुको शुल्क उठाउने कार्यका लागि मिति २०७६।०४।१६ मा संझौता भएको देखिन्छ।उक्त संझौता तीन आर्थिक वर्षको लागि भएको पाइयो।संझौताको बुँदा नं १० मा दोस्रो पक्षले नगरपालिकालाई बुझाउनु पर्ने रकम निर्धारित समयमा बुझाउनु पर्ने नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल गर्ने एंव असूल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्ति लगाई सरकारी बाँकी सरह असूल गर्ने भनी दुई पक्षबीच संझौता भएको छ।तीन आर्थिक वर्षमा पालिकामा दोस्रो पक्षले बुझाउनु पर्ने राजश्व र निज ठेकेदारले बुझाएको राजश्व यस प्रकार रहेको छ।<br><br>
<table>
<tr><th>सि न</th><th>आ व</th><th>संझौता रकममू अ करर कर समेत</th><th>संकलित रकम</th><th>बुझाउन बाँकी रकम(१०%हर्जना समेत)</th><th>कैफियत</th></tr>
<tr><td>1.</td><td>2076.77</td><td>332050</td><td>290000</td><td>42050</td><td>मू अ करको रकम नआएको।</td></tr>
<tr><td>2.</td><td>2077.78</td><td>365255</td><td>0.00</td><td>401780</td><td></td></tr>
<tr><td>3.</td><td>2078.79</td><td>396517</td><td>0.00</td><td>440968</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>1093822</td><td>290000</td><td>884798</td><td></td></tr>
</table>
<br>
ाथि उल्लिखित बमोजिमको रकम सम्वन्धित ठेकेदारबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु...<br><br>
( उक्त बेरुजु यस कार्यालयको मिति २०७९-०३-०६ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)</td><td>४४३,८३०</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आन्तरिक आय<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन।यो वर्ष आन्तरिक आय वापत रु=२ करोड ४८ लाख ९८ हजार आम्दानी देखिएको छ।पालिकाले आवश्यक म+=ले=प=फा=न=हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.१ | | | गण्डकी प्रदेश सरकारले जारी गरेको गण्डकी प्रदेश आर्थिक ऐन, २०७७ को अनुसूची ६ मा रोडा, ढुङ्गा, गिट्टी, चिप्स, गेग्रन, चट्टानको संकलनको दर प्रति क्यूफिट रु=७ का दरले निर्धारण गरेको छ। गडण्की प्रदेश सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन क्रसिङ्ग र विक्रीवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को दफा ६ को ५ मा ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन कार्य असार १ गतेदेखि भाद्र १५ गतेसम्म गर्न नमिल्ने तथा कार्यविधिको दफा ९ मा उक्त सामानको दररेट प्रदेश सरकारले तोके बमोजिम हुने एंव प्रारिम्भिक वातावरणीय परीक्षण गराएर मात्र ठेक्का वन्दोवस्त गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकालेप्रत्येक घाटबाट निकाल्न मिल्ने परिमाणको लागि पालिकाको राजश्व शाखाबाट एक जना प्राविधिक सहितको टोलीले परिमाण अनुमान गरी आषाढमा ठेक्काको सूचना प्रकाशन गरी केही घाटको ठेक्का २०७७ श्रावण महिनामा नै प्रति क्यूफिटको दर रु.४ राखी न्यूनतम रकम अनुमान गरी यस आ व मा विभिन्न १४ घाटको करिव २४८६०० क्यूफिट नदीजन्य पदार्थ विक्रीको लागि आय ठेक्का लगाई मू अ कर बाहेक रु.९७१७०९२।०० आम्दानी प्राप्त गरेको देखियो। पालिकाले प्रदेश सरकारले निर्धारण गरेको प्रति क्यूफिट रु ७ दर राखी राजश्व संकलन गर्नुपर्नेमा सो नगरी प्रति क्यूफिट रु=४ का दरले संकलन गरेकोले नगरपालिकाले रु ७४५८२९४=।०० को मू.अ.कर समेत रु.८४२७८७२।०० ले घटी आम्दानी गरेको देखिएको रु== | ८,४२७,८७२ |
| १७.२ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा सार्वजनिक निकायले न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राहि बोलपत्रमात्र स्विकृति लागि छनौट गर्नु पर्ने, यसरी छनौट भएको बोलपत्रदाता तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा निजको वोलपत्रको जमानत जफत गरी सो भन्दा लगत्तै पछिको अर्को सारभुतरुपमा प्रभावग्राहि बोलपत्रमदाताको बोलपत्र स्विकृत गर्नुपर्ने र उक्त बोलपत्रदाता पनि नआएमा त्यसपछिको सारभुतरुपमा प्रभावग्राहि बोलपत्र दाताको बोलपत्र क्रमश स्विकृत गर्नुपर्ने व्यवस्था छ।नगरपालिको आन्तरिक आयको ठेक्का प्रक्रियामा निमम्नानुसार ठेक्काको सम्झौता गर्न नआएकोमा पहिलो नआउनेको मात्र धरौटी जफत गरेको तर त्यसपछिको दोश्रो र तेश्रोको धरौटी जफत नगरेको देखिएकोले रु १९४८००।-धरौटी जफत गरी राजस्व दाखिला गर्नुपर्ने रु | १९४,८०० |

| **घाटको नाम** | **निर्माण व्यवसायी** | **धरौटी रकम** | **कैफियत** | **जफत गर्नुपर्ने** |
|---|---|---|---|---|
| त्रिवेणी घाट | महागौगरी कन्स्ट्रक्शन -प्रथम | ४०००० | जफत भएको | ० |
| | न्यु क्रियटिभ कन्स्ट्रक्शन - दोश्रो | ५०००० | जफत नभएको | ५०००० |
| | दिक्षीत इन्जिनियरिङ् एण्ड विल्डर्श- तेश्रो | ७०००० | जफत नभएको | ७०००० |
| भकुण्डे थुम्कामुनिको मरनघाट | तिरुपति कन्स्ट्रक्शन -प्रथम | २५००० | जफत भएको | ० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वर्षा निर्माण सेवा - दोश्रो | १५३०० | जफत नभएको | १५३०० | | |
| | | | | | चम्पावती निर्माण सेवा - तेश्रो | १२५०० | जफत नभएको | १२५०० | | |
| | | | | | कान्छा सफारी निर्माण सेवा - चौथो | १५००० | जफत नभएको | १५००० | | |
| | | | | पार्किङ्ग शुल्क | सरसफाइ उद्योग -प्रथम | ४५००० | जफत भएको | ० | | |
| | | | | | कान्छा सफारी निर्माण सेवा - दोश्रो | १२००० | जफत नभएको | १२००० | | |
| | | | | | चन्द्रागिरी ट्रेडिङ्ग प्रा ली - तेश्रो | १०००० | जफत नभएको | १०००० | | |
| | | | | | श्रेष्ठ ऐग्री | १०००० | जफत नभएको | १०००० | | |
| | | | | | | | | १९४८०० | | |
| १७.३ | | | पालिका र रत्नदेवी कन्सट्रक्सन एण्ड विल्डर्स प्रा.लि. संग ठेक्का नं १८ को चिति बरवोटघाटको लागि रु.२५२५०००।०० मा आय ठेक्का भएकोमा संझौतामा ठेक्का रकमको प्रथम किस्ता रकम संझौता गर्दाकै समयमा र बाँकी ५०% रकम चैत्र मसान्तमा बुझाउनु पर्ने, निर्धारित समयमा रकम नवुझाएमा सो रकममा १०% हर्जना असूल गर्ने संझौताको बुदाँ नं १२ मा व्यवस्था भएकोमा निज निर्माण व्यवसायीले निर्धारित समयको ५ महिना पछि मात्रै रकम बुझाएकोले बाँकी रु.१२६२५००।०० को १०% ले हुने रकम रु.१२६२५०।०० सम्वन्धितबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.. | | | | | | | १२६,२५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.४ | | | संझौता बमोजिमको रकम दिनु र लिनु दुवै पक्षको दायित्व र अधिकार हो।नगरपालिकाले वेसीशहरस्थित वेसीशहर वजारमा आफ्नो स्वामित्वमा रहेको ५ कोठाको २ (दुई) तले भवन व्यवसायिक प्रयोजनको लागि व्यवसायी ववितता चौधरीसंग प्रति महिना रु.६३५००।०० का दरले घरभाडा बुझाउने गरी शुरु संझौता मिति २०७५।०५।१४ मा भएकोमा पुन सोही दरमा २०७७ साल भाद्र मसान्तसम्मको लागि संझौता भएकोमा तीन वर्षदेखि भाडा दरमा वृद्धि समेत गरेको पाइएन। संझौता सकिए पश्चात उक्त संझौता नवीकरण समेत नगरी हालसम्म पनि निज व्यवसायीले नै प्रयोग गर्दै आएको कार्यालयको भनाई रहेको छ।जस अनुसार निज व्यवसायी ववितता चौधरीले संझौता बमोजिम श्रावणदेखि फागुन सम्म ८ महिनाको जम्मा रु.४६४०००।०० भाडा बुझाएको बाँकी ४ महिनाको हालसम्म पनि नबुझाएकोले मासिक रु.६३५००।०० का दरले ४ महिनाको जम्मा रु.२५४०००।०० सम्वन्धितबाट यथाशिघ्र असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु... | २५४,००० |
| १७.५ | | | पालिका र सिजन स्टोर्स वेसीशहर ८ लमजुङबीच बेतौली विसौना घाटको नदीजन्य पदार्थको उत्खननको लागि रु.९५५९५५।०० मा कवोल भएकोमा निजले संझौता अनुसारको मू.अ .कर रकम रु.६२११२।०० एवं अग्रिम कर रु.७१६६।०० समेत रु.६९२७८।०० नवुझाएकोले उक्त रकम सम्वन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु...<br>***( उक्त बेरुजु यस कार्यालयको मिति २०७९-०३-०६ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्योट गरिएको)*** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कोभिड–१९ तर्फः**<br>आ=व २०७७।७८ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण तथा नमुना छनौटको आधारमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ। | |

| आम्दनी स्रोत | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| स्थानीय तहको आफ्नैस्रोतबाट | 3000000 | राहत वितरण | 210000 |
| संघिय कोभिड कोषवाट | 0.00 | अस्थायी कोरोना अस्पताल संचालन | 0.00 |
| प्रदेश कोभिड कोषवाट | 0.00 | औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | 1005000 |
| अन्य स्रोतवाट | 0.00 | जनशक्ती परिचालन | 158000 |
| जि= स= स= बाट | 0.00 | आईलेशन केन्द्र | 600000 |
| अ.ल्या. रकम | 4761000 | अन्य शिर्षकमा | 314000 |
| | 0.00 | वाँकी | 5474000 |
| जम्मा | 7761000 | जम्मा | 7761000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोरोना नियन्त्रण तथा रोकथाम सम्वन्धि भएको खर्चमा अन्य शिर्षकमा रु ३१४०००।०० खर्च भएकोमा उक्त रकम कुन कुन शिर्षकमा भएको पालिकाबाट सोको एकिन विवरण पेश हुनुपर्दछ। | |
| १९ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले यो वर्ष खाना तथा विविधमा रु.३९ लाख २८ हजार खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.२८ लाख ८२ हजार आर्थिक सहायता वितरण गरेको पाइयो।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| २१ | | | **कृषिमा अनुदान**<br>**४५९।२०७८।०३।०८** कृषि अनुदानको रकम वितरण गर्दा निश्चित मापदण्ड तथा कार्यविधी बनाएर मात्र वितरण गर्नुपर्दछ।सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चकोसार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ एंव सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गर्नुपर्दछ।पालिकाले यस आ.व. मा गाई, भैसी, भेडाबाख्रा फार्म स्थापना र सुधार कार्यको लागि ४२ जना कृषकलाई रु.४००००।०० का दरले रु.१७ लाख ६४ हजार रकम वितरण गरेको छ।यसरी स्पष्ट कार्यविधि वेगर निर्णयका आधारमा कृषि अनुदान वितरण गरेको पाइयो।अनुदानको स्पष्ट कार्यविधि बनाएर मात्र अनुदान वितरण गर्ने र प्रभावकरी अनुगमनको व्यवस्था गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| २२ | | | **सवारी साधन मर्मत**<br>पालिकामा रहेका जीप,जे सी भी तथा मोटरसाइकलहरुको मर्मतमा वार्षिक रु ११ लाख २१ हजार खर्च भएकोमा पालिकाले सवारी साधन मर्मत अभिलेख खाता नराखेको तथा मर्मत पूर्व लागत अनुमान गरी दररेट समेत नमागी सोझै मर्मत गराएको पाइयो।पालिकाले लागत अनुमान बनाई दररेट माग गरी खर्च लेख्नुपर्दछ। | |
| २३ | | | **स्वीकृत दरवन्दी वेगरको करार सेवा**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था गरेको छ।नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ र ८७ तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतकोविभिन्न ३ पदमा जम्मा १३ जनालाई मासिक जम्मा रु.१९१२९०।०० का दरले तलब सुविधा तोकी दशै खर्च समेत १३ महिनाको जम्मा रु २५५८७५०।०० भुक्तानी भएको छ।पालिकाले दरवन्दी स्वीकृत गराएर मात्र खर्च लेख्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **पोशाक खर्च**<br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।०१।२१ को निर्णयनुसार सवै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागू हुने गरी सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।०१।२५ गते परिपत्र गरेकोमा नगरपालिकाले निम्न व्यक्तिहरुलाई स्वीकृत दरवन्दी वेगर करार सेवामा लिई निर्णय विपरीत पोशाक खर्च भुक्तानी दिएकोले सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु== | ९०,००० |

| सि न | पद | नाम थर | पोशाक खर्च |
|---|---|---|---|
| 1. | सहायक स्तर पाँचौ | रेशम घिमिरे | 10000 |
| 2. | सहायक स्तर पाँचौ | प्रतिमा पन्त | 10000 |
| 3. | सहायक कम्प्यूटर अपरेटर | रश्मिला के सी | 10000 |
| 4. | सहायक कम्प्यूटर अपरेटर | मिना गुरुङ | 10000 |
| 5. | सहायक कम्प्यूटर अपरेटर | नेत्र बहादुर वोहोरा | 10000 |
| 6. | सहायक कम्प्यूटर अपरेटर | खिना रिमाल | 10000 |
| 7. | सहायक कम्प्यूटर अपरेटर | मैता गुरुङ | 10000 |
| 8. | सहायक कम्प्यूटर अपरेटर | सुनिता घिमिरे ढकाल | 10000 |
| 9. | कार्यालय सहायक | शंकर पाण्डे | 10000 |
| | | जम्मा | 90000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकामा कार्यरत निम्न कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी दाखला गर्नुपर्ने रु... | १८,४७२ |

| पद | नाम थर | वार्षिक आय | कट्टी रकम | करयोग्य आय | तिर्नुपर्नेकर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| दशौ तह | किसान राज चिलुवाल | 1000448 | 264768 | 735680 | 51636 | 7137 | 44499 |
| ज स्वा अ सातौ | मनोज सिंह वोहोरा | 699554 | 196656 | 502898 | 9790 | 3549 | 6241 |
| | जम्मा | 1700002 | 461424 | 1238578 | 61426 | 10686 | 50740 |

***( उक्त बेरुजु यस कार्यालयको मिति २०७९-०३-०६ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)***

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**पारिश्रमिक कर कट्टी नगरेको**

आयकर ऐन,२०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाटप्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगदमाआधारमा लेखाङ्कनगर्नुपर्ने र दफा २३ मा कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कननगदकाआधारमा गर्दा निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुदाँको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले आ व र २०७६।७७ को ९ महिनाको र २०७७।७८ को गरी १९ महिनादशै खर्च समेतको पदाधिकारीहरुको सुविधा बापत भुक्तानी भएको रकममा कर कट्टी नगरी भुक्तानी दिएकोमा रु ४ लाख ५० हजार सम्म १ प्रतिशत कर लाग्नेमा सो मा लाग्ने १ प्रतिशत र सो भन्दा माथिको १ लाख सम्ममा १० प्रतिशत र सो भन्दा माथि २ लाख सम्म मा २० प्रतिशतर सो भन्दा माथि २० लाखसम्म ३० प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशतले हुने कर कट्टा गरी बाकी आयमा कर कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु..

<table>
<tr><th>गो भौ न</th><th>पद</th><th>नाम थर</th><th>जम्मा आय</th><th>करयोग्य आय</th><th>तिर्नुपर्ने कर</th><th>तिरेको कर</th><th>नपुग कर</th></tr>
<tr><td>02,2077.05.04लगायत</td><td>नगर प्रमुख</td><td>गुमान सिंह अर्याल</td><td>775500</td><td>775500</td><td>62150</td><td>7755</td><td>54395</td></tr>
<tr><td>02,2077.05.04लगायत</td><td>उप प्रमुख</td><td>लक्ष्मी देवी अधिकारी</td><td>933000</td><td>933000</td><td>109400</td><td>9330</td><td>100070</td></tr>
<tr><td>02,2077.05.04लगायत</td><td>वडाध्यक्ष</td><td>११ जना (१ जनाको रु १२९९०।०० नपुग)</td><td>571000</td><td>571000</td><td>18700</td><td>5710</td><td>142890</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>297355</td></tr>
</table>

***( उक्त बेरुजु यस कार्यालयको मिति २०७९-०३-०६ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)***

</td><td>२१६,९८०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**सवारी साधन मर्मत**

पालिकामा रहेका जीप तथा मोटरसाइकलहरुको मर्मतमा वार्षिक रु ७ लाख ६० हजार खर्च भएकोमा पालिकाले सवारी साधन मर्मत अभिलेख नराखेको तथा मर्मत पूर्व लागत अनुमान गरी दररेट समेत नमागी सोझै मर्मत गराएको पाइयो। पालिकाले लागत अनुमान बनाई दररेट माग गरी खर्च लेख्नुपर्दछ।

</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| २८ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**आर्थिक सहायता**

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिकसहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन,, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तिय समानीकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा रु.९५५०८४।०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाले चालु आ= व= मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।

| गो भौ न र मिति | आर्थिक सहायता प्रदान गरिएको व्यक्ति तथा सस्थाको नाम | सहायता रकम |
|---|---|---|
| 111,2077.07.02 | डिक बहादुर दमै | 4500 |
| 117,2077.06.30 | विष्णु पन्त | 4000 |
| 139,2077.07.03 | विमाया वि क | 3000 |
| 151,2077.07.04 | तोक आदेशमा निवेदकलाई आर्थिक सहायता | 5000 |
| 160,2077.07.05 | जिल्ला कारागार | 25000 |
| 192,2077.08.07 | नेपाल वाल संगठन | 30000 |
| 296,2077.09.14 | खिम बहादुर थापा | 2000 |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 407,2077.11.21 | खिम बहादुर थापा | 2500 | | |
| | | | | 523,2078.01.07 | अर्जुन ब थापा | 5000 | | |
| | | | | 675,2078.02.30 | विष्णु घर्ती | 8000 | | |
| | | | | 775,2078.03.16 | सेते वि क | 3000 | | |
| | | | | 779,2078.03.17 | आशा गुरुङ | 7000 | | |
| | | | | 809,2078.03.22 | बुध ब परियार | 5000 | | |
| | | | | 865,2078.03.28 | दान बहादुर घले | 5000 | | |
| | | | | 872,2078.03.29 | लमजुङ नेत्रहिन संघ | 20000 | | |
| | | | | 528,2078.01.07 | जिवराज जोशी | 8000 | | |
| | | | | 582,2078.01.21 | फूलमाया दुलाल | 5000 | | |
| | | | | 594,2078.01.23 | तोक आदेशमा निवेदकलाई आर्थिक सहायता | 7000 | | |
| | | | | 496,2077,12.24 | नेपाल कम्युनिष्ट पार्टी जिल्ला कमिटि लमजुङ | 19735 | | |
| | | | | विभिन्न गो भौ न बाट | अति विपन्न आवास सहयोग कार्यक्रम | 486919 | | |
| | | | | विभिन्न गो भौ न बाट | विपन्न नागरिक उपचार सहयोग कार्यक्रम | 299430 | | |
| | | | | | जम्मा | 955084 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| २९ | | | **निर्णय विपरीत विद्यालयलाई अनुदान**<br>वेसीशहर नगरपालिका र शिक्षा समितिको मिति २०७५।०५।०८ को बैठकको निर्णयले पालिकामा ११ र १२ कक्षा संचालनको लागि दुई विद्यालयबाट अनुमतिको लागि माग भई आए बमोजिम विद्यालयलाई शिक्षक लगायत सम्पूर्ण व्यवस्थापन विद्यालय स्वंयले व्यवस्था मिलाउने गरी शैक्षिक सत्र २०७५ बाट शिक्षा र व्यवस्थापन संकाय तर्फको कक्षा १२ संचालनको लागि अनुमति प्रदान गरेकोमा अनुमति दिएका ती दुई विद्यालयहरु गंगा मिलन मा वि र जनकल्याण उदिपुरलाई पालिकाले यस आ व मा रु ५ लाखका दरले थप रकम अनुदान दिएको पाइयो।पालिकाले त्यसरी अनुमतिक प्रदान गर्दा कक्षा ११ र १२ संचालनको शिक्षा मन्त्रालयबाट तोकेको मापदण्ड पुरा गरेका विद्यालयलाई पालिकाले अनुमति प्रदान गर्न सक्ने भनिएकोमा सोही बमोजिम पालिकाले अनुमति प्रदान गरेको तथा निर्णयमा समेत विद्यालय आफैले सम्पूर्ण पक्षको व्यवस्थापन भनिएकोमा नगरपालिकाबाट थप रकम अनुदान भुक्तानी भएकोले अनियमित देखिएको रु... | १,०००,००० |
| ३० | | | **शहरी पूर्वाधार विकास कोष**<br>गण्डकी प्रदेश सरकारले जारी गरेको आर्थिक ऐन, २०७७ को दफा २१ मा नगरपालिका क्षेत्रभित्र पारित हुने लिखत राजिनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र, दर्ताफारी, हालैको वकस लगायतका लिखतको घरजग्गा रजिष्ट्रेशनको थैली अंकको ०.५% थप शुल्क असूल गरी त्यसरी प्राप्त भएको रकम सम्वधित पालिकाहरुको छुट्टै कोष खडा गरी ढल प्रशोधन, स्वच्छ खानेपानी, वृक्षारोपण र पर्यावरण सुधार लगायतका शहरी पूर्वाधार सौन्दर्य विकासमा खर्च गर्नुपर्ने व्यवस्था भएकोमा पालिकामा यस आ.व. मा उक्त शिर्पकबाट रु.३६४१५६६।०० रकम प्राप्त भएकोमा पालिकाले सोको छुट्टै कोष खडा नगरेको तथा सोको आम्दानी बाधी उदेश्य विपरीतका शिर्षकमा खर्च गरेको पाइयो। प्रदेश सरकारले लिएको उदेश्य विपरीत भएको खर्च अनियमित देखिएको रु... | ३,६४१,५६६ |
| ३१ | | | **प्रेस सल्लाहकार**<br><br>गण्डकी प्रदेश सरकारले जारी गरेकोगाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधमा सम्वन्धी ऐन, २०७६ मा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले प्रेस सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन।त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख भएकोमा पालिकाले प्रेस सल्लाहकारको रुपमा मासिक रु.२००००।०० का दरले कृष्ण बहादुर खत्रीलाई नियुक्ती गरी दशै खर्च समेत रु.२६००००।०० भुक्तानी भएको अनियमित देखिएको रु.. | २६०,००० |
| ३२ | | | **तालिम संचालन नभएको अवधिको भुक्तानी** | ६८५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिका क्षेत्रभित्रका युवा शक्तिलाई प्राविधिक तथा सीपमूलक तालिम प्रदान गरी रोजगारी सिर्जना गर्ने उदेश्यले १५ महिने प्राविधिक तथा ३ महिने सीपमूलक तालिम कार्यक्रम संचालन गर्नको लागि पालिका र लमजुङ सीप विकास प्रतिष्ठानबीच २०७६।०९।२२ मा संझौता भएको छ।१५ महिने प्राविधिक तालिमका लागि प्रति सहभागी रु. ५००००।०० का दरले जम्मा ४५ जनाको रु.२२५००००।०० र ३ महिने सीपमूलक तालिमको लागि प्रति सहभागी रु.१५०००।०० का दरले रु. ३४५०००।०० समेत गरी रु.२५९५०००।०० मा संझौता भएको पाइयो।संझौताको बुदाँ नं २ मा संझौता हुदाँका वखत दोस्रो पक्षलाई कूल रकमको ६० प्रतिशत र बाँकी रकम कार्यक्रम सम्पन्न भए पश्चात उपलब्ध गराउने व्यवस्था बमोजिम ६० प्रतिशत रकम गत आ.व मा भुक्तानी भएको र बाँकी रकम गो.भौ.नं ७३१, २०७८।०३।११ मा रु.१०३८०००।०० समेत गरी संझौता बमोजिमको रकम भुक्तानी भएको छ। दोस्रो पक्षलाई संझौता बमोजिम १५ महिने तालिम कार्यक्रम संचालन नगरी सम्पूर्ण रकम भुक्तानी भएको छ। १५ महिने तालिममा निज प्रतिष्ठानबाट सहभागीहरु उपस्थित भएको हाजिरी रेकर्ड तथा पालिकामा पेश भएको तालिम सम्पन्न प्रतिवेदनका आधारमा जम्मा ओ.जे.टी समेत गरी १० महिना १३ दिन मात्रै तालिम संचालन अवधि रहेको देखियो। निम्नानुसारको कार्य तालिकामा तालिम संचालन भएकोमा १५ महिनाको नै भुक्तानी भएकोले १५ महिने तालिमको मात्र बढी अवधि ४ महिना १७ (१३७) दिनको प्रतिदिन रु.५०००।०० का दरले बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.. | |

| सि न | विवरण | तालिम संचालन अवधि | | जम्मा अवधि |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| 1. | तालिम संचालन | २०७६।०९।२२ | २०७६।१२।०९ | २ महिना १७ दिन |
| 2. | तालिम संचालन नभएको। | २०७६।१२।१० | २०७६।१२।३० | २० दिन कोभिडको कारण वन्द भएको हाजिरी नभएको। |
| 3. | ओ जे टी संचालन | २०७७।०१।०१ | २०७७।०४।३१ | ४ महिना |
| 4. | तालिम संचालन नभएको। | २०७७।०५।०१ | २०७७।०८।१५ | कोभिडको कारण वन्द भएको हाजिरी नभएको। |
| 5. | तालिम संचालन | २०७७।०८।१५ | २०७७।१२।१४ | ३ महिना २६ दिन चैत्र १४ गते सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ। |
| | | | जम्मा अवधि | **१० महिना १३ दिन ओ जे टी समेत** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **दोहोरो सुविधा**<br>गण्डकी प्रदेश सरकारले जारी गरेकोगाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधमा सम्वन्धी ऐन, २०७६ को दफा ४ पदाधिकारीले सवारी साधन लिएकोमा ऐनको अनुसूचीमा उल्लिखित इन्धन तथा मोबिल खर्च पाउने एंव सवारी साधनको सुविधा लिने पदाधिकारीले सोही अनुसूचिमा उल्लेख भएको यातायात खर्च वापतको मासिक सुविधा लिन नमिल्ने उल्लेख भएकोमा नगरपालिकाका निम्न वडाका वडाध्यक्षहरुले पालिकाबाट मोटरसाइकल सुविधा लिएकोमा समेत मासिक यातायात सुविधा बुझेको पाइयो।यसरी ऐनमा भएको व्यवस्थाको विपरीत भुक्तानी लिएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु | |

| सि न | पद नाम थर | वडा नं | सवारी नम्वर | भुक्तानी लिएको रकम |
|---|---|---|---|---|
| 1. | वलराम श्रेष्ठ | 1 | 1195 | 18000 |
| 2. | गणेश कंडेल | 2 | 541 | 18000 |
| 3. | सूर्य कुमार श्रेष्ठ | 3 | 527 | 18000 |
| 4. | लालविर गुरुङ | 4 | 860 | 18000 |
| 5. | बम बहादुर गुरुङ | 5 | 880 | 18000 |
| 6. | गोविन्द वस्नेत | 7 | 1199 | 18000 |
| 7. | शरद वराल | 9 | 1198 | 18000 |
| 8. | पूर्ण बहादुर थापा | 10 | 1200 | 18000 |
| 9. | अच्युतबावु बगाले | 11 | 859 | 18000 |
| | **जम्मा** | | | 162000 |

***( उक्त बेरुजु यस कार्यालयको मिति २०७९-०३-०९ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३४ | | | **पुँजीगतवाट चालु खर्च**<br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस नगरपालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षण छनौट गरी परीक्षण गर्दा रु. ४९३५६७८ /- चालु खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश कृषी कार्यक्रम, पशुसेवा सम्बनधी कार्यक्रम, आर्थिक सहयोग खर्च,खेलकुद खर्च, आदि समावेश भएका देखिन्छ। उपभोग,संचालन,आर्थिक सहयोग,अनुदान सहयोग जस्ता अनुत्पादन एवं वितरणमुखी खर्चलाई संकुचन नगरी पुँजीगत खर्चको हिस्सा वढाउन सकिने अवस्था छैन। पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् ।एकिकृत आर्थिक संकेत तथा<br>वर्गिकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस नगरपालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षण छनौट गरी परीक्षण गर्दा रु. ४९३५६७८ /- चालु खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश कृषी कार्यक्रम, पशुसेवा सम्बनधी कार्यक्रम, आर्थिक सहयोग खर्च,खेलकुद खर्च, आदि समावेश भएका देखिन्छ। उपभोग,संचालन,आर्थिक सहयोग,अनुदान सहयोग जस्ता अनुत्पादन एवं वितरणमुखी खर्चलाई संकुचन नगरी पुँजीगत खर्चको हिस्सा वढाउन सकिने अवस्था छैन। पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् । | |

| **गो.भौ.न.मिति** | **चालु प्रकृतिका खर्च विवरण** | **रकम** |
|---|---|---|
| 13-2077/6/26 | डाले घाँस बितरण | 75000 |
| 64-2077/7/24 | तरकारी विउ विजन वितरण | 44950 |
| 71-2077/7/28 | घाँसको विउ वितरण | 221695 |
| 78-2077/8/14 | उत्कृष्ट मेयर पुरस्कार | 100000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | 97-2077/8/22 | च्ययाउको बिउ वितरण | 28000 | |
| | | | 101-2077/8/28 | औषधि खरिद पशु सेवा कार्यक्रम | 291085 | |
| | | | 106-2077/9/2 | आमा समुहलाइ भाडा कुंडा खरिद | 50000 | |
| | | | 107-2077/9/7 | सिल्पोलिन प्लाष्टिक खरिद | 209000 | |
| | | | 148-2077/10/7 | वोयर बोका वितरण | 269919 | |
| | | | 145-2077/10/4 | आलुको बिउ वितरण | 60000 | |
| | | | 162-2077/10/15 | महिला असहाय गरिब बाख्रा वितरण | 450000 | |
| | | | 170-2077/10/19 | मौरी घार वितरण | 172500 | |
| | | | 171-2077/10/20 | च्याउको विउ वितरण | 97920 | |
| | | | 186-2077/12/20 | सिल्पोलिन प्लाष्टिक खरिद | 102600 | |
| | | | 193-2077/11/23 | तरकारी विउ विजन खरिद | 93252 | |
| | | | 201-2077/11/28 | खेति पर्वद्धन तालिम | 128000 | |
| | | | 234-2077/12/4 | क्षमता विकास कार्यक्रम | 89980 | |
| | | | 342-2078/1/23 | कृषक अवलोकन भ्रमण खर्च | 423000 | |
| | | | 347-2078/1/24 | बाख्रा वितरण | 72790 | |
| | | | 368-2078/1/30 | राष्ट्रपति रनिङ् सिल्ड | 200000 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 398-2078/2/20 | बेसार प्रवर्द्धन कर्यक्रम | 50000 | | |
| | | | | 464-2078/3/8 | कृषि कार्यक्रमप्लाष्टीक वितरण | 300000 | | |
| | | | | 487-2078/3/10 | धानको विउ वितरण | 150000 | | |
| | | | | 507-2078/3/14 | सिपोलिन प्लाष्टिक खरिद | 171000 | | |
| | | | | 527-2078/3/18 | पशु कार्यक्रम | 98396 | | |
| | | | | 554-2078/3/22 | घाँस र फलफुलका विरुवा वितरण | 77940 | | |
| | | | | 568-2078/3/23 | पशु कार्यक्रम | 71151 | | |
| | | | | 623-2078/3/29 | घाँसको बिउ वितरण | 137500 | | |
| | | | | 609-2078/3/27 | कृषक सम्मान कार्यक्रम | 200000 | | |
| | | | | 569-2078/3/23 | वोयर वोका र रागा वितरण | 500000 | | |
| | | | | | **जम्मा** | 4935678 | | |
| ३५ | | | **नर्म्शको प्रयोग**<br>सार्वजनिक निर्माण कार्यको लागि आवश्यक पर्ने नर्मस स्थानीय तहले स्वीकृत गरी लागु गर्न सक्ने र आफ्नै नर्मसको अभावमा नेपाल सरकारले लागु गरेको सम्बन्धित क्षेत्रका नर्मसहरु लागु गर्नु पर्दछ । नगरपालिकाले भवन सडक लगायतका कार्यको लागि अधिकांश भवनको नम्श र डालीडारको नमर्श प्रयोग गरी लागत अनुमान तयारी एवं भुक्तानी गरेको छ।पालिकाले भवनको लागि भवन विभागबाट, सडकको लागि सडक विभागबाट स्विकृत नमर्श लगायत जुन क्षेत्रको कार्यको सोहि कार्यका लागि स्विकृत नर्मश प्रयोग गरी लागत अनुमान तयारी एवं भुक्तानी गर्नुपर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **उपभोक्ता समिति छनौट**<br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ नगरपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | आयोजनाको नाम | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| 204-2077/12/1 | रेडक्रस पुल पाङ्ग्रेक्यु सडक स्तरान्नति | 700000 | डोजर/ एक्साभेटर | 734823 |
| 279-2077/12/4 | टारी फोस्रे मोटरबाटो निर्माण | 973652 | डोजर/ एक्साभेटर | 1036179 |
| 379-2078/2/5 | खाँचे चित्रे डाँडा बराहपोखरी पर्यटकिय संरचना निर्माण | 1170000 | डोजर/ एक्साभेटर | 1341139 |
| 511-2078/3/14 | पुरानोकोट चाँगु चण्डी देखि पुरानोकोट गढी सम्म बाटो | 1072500 | डोजर/ एक्साभेटर | 1189635 |
| 489-2078/3/10 | झगारिया मोटरबाटो निर्माण | 566280 | डोजर/ एक्साभेटर | 591028 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **कार्य सम्पादन जमानत**<br>सावर्जनिक खरिद नियमावली २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्दा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ।धुरपुरे सडक निर्माण कार्यको लागि म्याद थप समेत कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७७।७।३० भएकोमा कार्यसम्पादन जमानतको अवधि २०७८।८।३० सम्म हुनुपर्नेमा एन सि सि बैंक बाट जारी भएको रु १४८००००।- को अवधि २०७८।४।१७ सम्ममात्र भएकोले कार्यसम्पादन जमानत अवधिको जमानत थप गर्नुपर्दछ । | |
| ३९ | | | **बिमा नगराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोके अनुरुप बिमा गराउनु पर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरेकानिम्न कार्यको BOQ मा बिमाको राखेको पाइएन र राखेकोमा समेत विमा गरेको छैन।नगरपालिकाले नियमावलीको पालना गर्नु पर्दछ । | |

| सि.न. | कामको विवरण | सम्झौता रकम | कैफियत |
|---|---|---|---|
| १ | धुरपुरे विन्दा सडक | ५८७३८३२ | विमाको प्रावधान नराखेको |
| २ | फुलबारी मञ्च व्यवस्थापन | ४११३८६२ | विमा वापत ५०००० लमसम |
| ३ | भकुण्डे काफलस्वारा चिसापानी सडक | २५४२९२९ | विमाको प्रावधान नराखेको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>प्रोभिजनल सम<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। निम्न कार्यको लागि निम्नानुसार निर्माण व्यवसायी नगरपालिका बिच भएको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख छ। निर्माण व्यवसायीलाई प्रोभिजनलसम वापतको रकम रु.१४८९००।- भुक्तानी गरेकोमा सो को बिल भरपाई पेश गरेका छैनन्।वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नु पर्न रु
<table>
<tr><th>गो भौ र मिति</th><th>योजना</th><th>प्रोभिजनलसमको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>29-2077/6/30</td><td rowspan="4">युनिभर्सल चोक देखि मकै डाँडा सडक योजना</td><td>Relocation of Public utilities/ services..</td><td>20000</td></tr>
<tr><td rowspan="3">275-2077/12/20</td><td>Additional testing of material</td><td>50000</td></tr>
<tr><td>Insurance</td><td>14900</td></tr>
<tr><td>Relocation of Public utilities/ services....</td><td>30000</td></tr>
<tr><td>223-2077/12/3</td><td>पुरानोगढि भ्युटावर निर्माण</td><td>Additional testing of material</td><td>10000</td></tr>
<tr><td rowspan="2">580-2078/3/24</td><td rowspan="2">धुरपुरे दुइथोक विम्ता सितलेश्वर बाख्रेखेत सडक</td><td>carrying out additional test for materials</td><td>24000</td></tr>
<tr><td>Relocation of Public utilities/ services...</td><td>148900</td></tr>
</table></td><td>१४८,९००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>ट्याककोटमा बढी भुक्तानीः<br>७५-२०७७।१२।२० भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ।युनिभर्सल चोकदेखि मकै डाँडा सडक निर्माण कार्यको लागि नयाँ सडकमा प्राइमकोट गरिएको क्षेत्रफलमा प्रति वर्गमिटर ०.७ लिटरले भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको ५१३२.७४ वर्गमिटरको ०.१ का दरले ५१३.२७४ लिटरको प्रति लिटर १२० का दरले बढी भुक्तानी भएको रकम रु ६१५९२।- असूल हुनुपर्ने रु.</td><td>६१,५९२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **नापी वेगर भुक्तानी**<br>२९-२०७७।६।३० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारक ा शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।युनिभर्सल चोक देखि मकै डाँडा सडक योजनाको प्रथम रनिङ् विल भुक्तानी गर्दा carrying out backfilling work behind the structure को रु.२४०००।- भुक्तानी भएकोमा उक्त कार्यको नापि किताबमा नभएकोले उक्त रकम असूल गर्नुपर्ने रु.<br>***( उक्त बेरुजु यस कार्यालयको मिति २०७९-०३-०६ को निर्णयानुसार प्रतिक्रियाबाट फस्यौंट गरिएको)*** | |
| ४३ | | | **बढी भुक्तानीः**<br>५८०-२०७८।३।२४सार्वजनिकखरिदनियमावली, २०६४कोनियम१२३माखरिदसम्झौताअनुसारसार्वजनिकनिकायलेरनिङ्गबिलवाअन्यकुनैबिलविजककोभुक्तानीगर्दाकरारकाशर्तबमोजिमभुक्तानी दिनुपर्नेउल्लेखछ। धुरपुरे दुइथोक विम्ता सितलेश्वर बाख्रेखेत सडक निर्माण कार्यको लागि निम्नानुसार निर्माण व्यवसायी नगरपालिका बिच भएकोखरिदसम्झौतामाप्रोभिजनलसममाउल्लेखितरकमभुक्तानी दिँदाखर्चभएकोवास्तविकबिलपेशगरेकोआधारमाभुक्तानीदिनेउल्लेख भएकोमा निर्माण व्यसायीले रु. मु. अ. कर समेत २३३३६।- को विल पेश भएकोमा २५५००।- भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु २१६४।- असूल हुनुपर्ने रु | २,१६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार रु । खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै भवन निर्माणकार्य गराउनु अनियमित देखिएको रु.....<br><br>\| **गो भौ नं. र मिति** \| **कामको विवरण** \| **भुक्तानी रकम** \|<br>\| १९२-२०७७।१२।२१ \| वडा नं ९ को भवन वडा कार्यालय भवन निर्माण उ स \| १९५०००० \|<br>\| \| **जम्माः** \| **१९५००००** \| | १,९५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **फर्म वर्कमा बढी भुक्तनी**<br>पालिकाले सडक निर्माण तथा स्तरोन्नतिको लागि स्थानिय पुर्वाधार विकास विभागको स्विकृत नम्श अनुसार दर विश्लेषण गरी भुक्तानी गरेको छ ।उक्त नम्श अनुसार दर विश्लेषण गर्दा फर्म वर्कको कार्यका लागि प्रति घनमिटर रु ५६८.०३ हुनेमा पालिकाले अधिकाशं योजनामा सोहि दरले भुक्तानी गरेकोमा नमुना छनौट गरी परिक्षण गरिएका निम्न योजनामा सो भन्दा बढी दरले भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु.९४७७०। असुल हुनुपर्ने रु. | ९४,४७० |

| गो.भौ.न.मिति | योजनाको नाम | भुक्तानी परिमाण | भुक्तानी दर | बढी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 167-2077/10/18 | पोखरी डाडाँ पुमागाउँ मोटरबाटो | 91.19 | 862.73 | 295 | 26874 |
| 239-2077/12/4 | पुमारखोला झो पु देखि मोटरबाटो सम्म सिढी निर्माण | 48 | 863.83 | 296 | 14198 |
| 254-2077/12/10 | फुलबारी चोक प्रगति टोलसम्म नाली मर्मत | 148.19 | 866.35 | 298 | 44208 |
| 258-2077/12/11 | झिङ्गेखोला हुदै खानेपानी उपभोक्ता समिति कार्यालय जाने बाटो | 30.84 | 866.13 | 298 | 9190 |
| | | | | | 94470 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **रितपूर्बकको कर बिजक**<br>२७९-२०७७।१२।२४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। टारी फोस्रे मोटरबाटो निर्माण कार्यको लागि तालबाराही कन्स्ट्रकशन एण्ड इक्युपमेन्ट प्रा. ली ला्इ बाटो खन्ने कामको लागि रु ११९२०६।- म.अ. कर भुक्तानी गरेकोमा उक्त प्रा. ली. ले जारी गरेको कर विजक नं ०२१, २०७७।१२।१८ केरमेट गरेकोले उक्त भुक्तानी भएको मू.अ.कर रकमको कर समायोजन पत्र पेश हुनुपर्ने रु<br>***( उक्त बेरुजु यस कार्यालयको मिति २०७९-०३-०६ को निर्णयानुसार प्रतिक्रियाबाट फस्यौंट गरिएको)*** | |
| ४७ | | | **टुल्स एण्ड प्लान्टको भुक्तानी** | ७१,३३३ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ग्रामिण पुर्वाधार विकास बिभागबाट जारी भएको वर्क नर्म्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने कार्यको हकमा दर विश्लेषण गर्दा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले निम्न कार्यको दर विश्लेषणमा निर्माण सामाग्रीको मूल्यको समेत ३ प्रतिशत रकम समावेश गरी लागत अनुमान तयार गरेको पाइयो।यसरी बढी दर राखी लागत अनुमान तयार गर्दा आयोजनाको वास्तविक लागत भन्दा बढी लागत पर्ने देखिन्छ । यस सम्वन्धमा उपभोक्ता समितिबाट भएका कार्यको नमुना छनौटको आधारमा भौचर परीक्षण गर्दा निम्न आयोजनामा रु.७१३३३।- बढि भुक्तानी भएको देखिएकोले उक्त रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु | |

| **गो भौ नं र मिति** | **योजनाको नाम** | **कामको विवरण** | **परिममाण** | **३ प्रतिशत थप रकम** | **बढि भुक्तानी** |
|---|---|---|---|---|---|
| 621-2078/3/29 | सुनकोट टावर निर्माण | Stone soling in footing | 2.88 | 99.31 | 286 |
| | | M20 Grade footing, column and beam | 11 | 438 | 4818 |
| | | M15 Grade footing, column and beam | 2.3 | 312 | 718 |
| | | Rebars | 686.40 kg | 3.2 | 2196 |
| 547-2078/3/22 | सेराकुना देखि नयाँखेत कमरगाउँ धुरपुरे सडक | PCC M20 | 62.10 | 437.76 | 27185 |
| | | Gabion work | 44 | 122 | 5368 |
| | | Stone siling | 62.10 | 99.31 | 6167 |
| | | Stone Masonary work | 7.92 | 274.43 | 2173 |
| | | Plumb for drain | 2.2 | 251 | 552 |
| 530-2078/3/18 | जंगबहादुरको तगारो देखि दरबार गेट सडक | PCC 1:2:4 | 35.88 | 367.22 | 13176 |
| | | Stone Masonary work | 31.68 | 274.43 | 8694 |
| | | | | | **71333** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>पाइप खरिद<br>४७९-२०७८।३।९आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालमा रहेका र खरिद गरेर ल्याएका जिन्सी मालसमानको विवरण र मूल्य खुला्इ जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ ।उपनियम ३ मा प्राविधिक काममा ल्याइने जिन्सी मालसमानको हकमा प्राविधिक कर्मचारीबाट जँचाइ के कस्तो अवस्थामा प्राप्त भएको हो प्रमाणित गराइ लगत खडा गर्नु पर्ने व्यवस्था छ।पालिकाले आर्जु एण्ड प्रशन्न निर्माण सेवा संग विभिन्न ९ फरक फरक साइजका एच. डि. पि. इ. पाइप खरिद गरी रु ४९८०५८।- भुक्तानी भएको पाइयो । उक्त पाइपहरु नगर प्रमुखको तोक आदेशको आधारमा वितरण भएको देखिएकोले सोको प्रयोगको अवस्था एकिन हुन सकिएन।यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>दर विश्लेषण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्थाछ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा निम्न योजनामा दर विश्लेषण तयार गर्दा सामग्री ढुवानी वापत निम्नानुसार रकम जोडेर भुक्तानी गरेको सामग्रीको परिमाण र दर निकालेको स्पष्ट आधार उल्लेख गरेको पाइएन । पालिलाकले दर विश्लेषण गर्दा स्विकृत नर्म्स र जिल्ला दररेटला्इ आधार मानेर दर विश्लेषण गर्नुपर्छ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>परिममाण</th><th>ढुवानी वापत थप प्रति घ मि</th><th>रकम</th></tr>
<tr><td rowspan="2">621-2078/3/29</td><td rowspan="2">सुनकोट टावर निर्माण</td><td>Stone soling in footing</td><td>2.88</td><td>3137</td><td>9035</td></tr>
<tr><td>M20 Grade footing, column and beam</td><td>11</td><td>4631</td><td>50941</td></tr>
<tr><td rowspan="2">530-2078/3/18</td><td rowspan="2">जंगबहादुरको तगारो देखि दरबार गेट सडक</td><td>PCC 1:2:4</td><td>35.88</td><td>633</td><td>22712</td></tr>
<tr><td>Stone Masonary work</td><td>31.68</td><td>632</td><td>20022</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>102709</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>खन्ने काम भन्दा बढी भुक्तानी</td><td>४७,८१३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५८०-२०७८।३।२४सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेखछ। निम्न योजनामा Earthworkexcavationin foundation कार्यकोचौडाइ १ मिटर भएकोमा जगमा ढुंगा भर्ने काम र पी सि सि को काम गर्दा १ मिटर भन्दा बढी चौडाइमा गरेको देखिएकोले यस्तो हुनुको प्राविधिक पुष्ट्याइ पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु.. पालिकाले संचालन गरेको अन्य योजनामा समेत Stone soling workको लम्बाइ र चौडाइ भन्दा PCC1:2:4 को लम्बाइ चौडइ बढि दिएको, जग खन्ने कामको चौडाइ भन्दा Stone soling work र PCC1:2:4 बढी दिएको,Drainको लम्बाइ भन्दा Drain cover slabको लम्बाइ बढी भएको लगायत देखिएको तर त्यस्तो हुनको कारण स्पष्ट नभएको सम्बन्धमा नगरपालिकाले यकिन गर्नु पर्ने र प्राविधिक पुष्ट्याइ विना यस्ता किसिमका भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| **गो भौ नं र मिति** | **योजनाको नाम** | **कामको विवरण** | **परिममाण** | **बढी परिमाण** | **दर** | **रकम** |
|---|---|---|---|---|---|---|
| 258-2077/12/11 | झिङ्गेखोला हुदै खानेपानी उपभोक्ता समिति कार्यालय जाने बाटो | Excavation work stone masonary foundation | 23.4×1×2<br>35×1×2 | | | |
| | | Stone soling work for stone masonary | 23.4×1.2×.15<br>35×1.2×.15 | 0.702<br>1.05 | 3310.20 | 5799 |
| | | PCC1:2:4 | 23.4×1.2×.08<br>35×1.2×.08 | 0.37<br>0.56 | 10647 | 9901 |
| 99-2077/8/4 | साउबारी दनाइ गाँउ तिलबारी मोटरबाटो स्तरोन्नति | Excavation for drain | 100×1×0.65 | | | |
| | | Stone soling for drain | 118.20×1.1×0.15 | 1.77 | 4059 | 7184 |
